K.P.Regmi & Associates
Chartered Accountants

Tikathali-7, Lalitpur, Nepal
977-9843312383
Kiranregmi2@gmail.com

Ref: 02 - 081/082

मिति : २०८१/०६/१५

श्रीमान अध्यक्ष ज्यू,

राष्ट्रिय उत्पादकत्व तथा आर्थिक विकास केन्द्र लिमिटेड,

वालाजु, काठमाण्डौ ।

दर्ता नं. ३६ मिति २०८१।०६।१५

विषय : अन्तिम लेखापरीक्षण प्रतिवेदन आ.व.२०७९/८०

महोदय,

त्यस केन्द्रको आ.व. २०७९/८० को लेखापरीक्षण गर्नको लागि हामीलाई श्री राष्ट्रिय उत्पादकत्व तथा आर्थिक विकास केन्द्र लिमिटेड, आ.व. २०७९/८० को वाह्य लेखापरीक्षकमा नियुक्त गर्न सिफारिस गरिएकोमा राष्ट्रिय उत्पादकत्व तथा आर्थिक विकास केन्द्र लिमिटेडको वाह्य लेखापरीक्षक नियुक्त भई त्यस केन्द्रवाट उपलब्ध श्रेस्ता, किताव, भौचर तथा अन्य कागजातहरुको आधारमा लेखापरीक्षण सम्पन्न गरी अन्तिम लेखापरीक्षण प्रतिवेदन पेश गरेका छौं ।

अन्त्यमा, त्यस केन्द्रको आ.व.२०७९/८० को लेखापरीक्षण कार्य सम्पन्न गर्न सहयोग गर्नुहुने त्यस केन्द्रका महाप्रवन्धकज्यू तथा समस्त कर्मचारीहरुलाई धन्यवाद ज्ञापन गर्दछौं ।

धन्यवाद ।

भवदिय,

K. P. Regmi & Associates ★ Chartered Accountants ★ Lalitpur Nepal

सि.ए किरण प्रसाद रेग्मी

संचालक

वोधार्थ:

सम्माननीय महालेखापरीक्षक ज्यू,

महालेखापरीक्षकको कार्यालय

अनामनगर, काठमाडौ, नेपाल ।

Scanned with CamScanner

# राष्ट्रिय उत्पादकत्व तथा आर्थिक विकास केन्द्र लिमिटेडको आर्थिक वर्ष २०७९/८० को व्यवस्थापन पत्र

राष्ट्रिय उत्पादकत्व तथा आर्थिक विकास केन्द्र लिमिटेडको व्यवस्थापनले गरेको कारोबार र हामीले तयार गरी पेश गरेको प्रारम्भिक प्रतिवेदनको आधारमा संस्थाले सुधार गर्नु पर्ने विषय एवं आन्तरिक नियन्त्रण प्रणालीमा देखिएका प्रमुख कैफियतबारे सुझाव सहित यो व्यवस्थापन पत्र तयार गरिएको छ ।

१. कम्पनीको व्यवसाय निरन्तररुपमा कायम रहेको (Going Concern) अनुमानको आधारमा वित्तिय विवरण तयार गरिएको भएता पनि प्रत्येक वर्ष आम्दानी भन्दा खर्च धेरै भई नोक्सान बढदै गएकोले र पुराना वर्षमा सञ्चित नाफा घट्दै गएकोले समयमा नै यस केन्द्रलाई पुनः संरचना नगरिएमा नगद प्रवाह कमजोर भई केन्द्रको निरन्तरता माथि नै शंका उत्पन्न हुन जाने देखिन्छ ।

२. कम्पनीले नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाद्धारा जारी गरिएको नेपाल वित्तीय प्रतिवेदन मान अनुसार वित्तीय विवरण तयार गर्नुपर्ने हुन्छ । कम्पनीले प्रस्ताव वित्तीय विवरणहरु नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाद्धारा जारी गरिएको नेपाल वित्तीय प्रतिवेदनमान (NFRS) अनुसार तयार गरेको छैन । नेपाल वित्तीय प्रतिवेदनमान अनुसारको वित्तीय सूचनाको पुनर्लेखन, प्रस्तुती र खुलासा नगरिएकोले यसको एकिकृत असर अनिश्चित र सारभुत तथा व्यापक हुन सक्छ ।

३. नेपाल कम्पनी ऐन २०६३ को दफा १८२ को उपदफा ९ अनुसार साधारण सभाले पारित गरेको पांच वर्ष भित्र वितरण गर्नु पर्ने र सो अवधि भित्र वितरण नभएमा लाभांस लगानीकर्ता संरक्षण कोषमा जम्मा गर्नु पर्ने भन्ने व्यवस्था रहेकोमा पाँच वर्ष वितिसक्दा पनि उक्त रकम रु. २,७८,७९६।१८ लगानीकर्ता संरक्षण कोषमा जम्मा गरिएको देखिदैन । उक्त रकमलाई लाभांश लगानीकर्ता संरक्षण कोषमा दाखिला गर्नुपर्ने दखिन्छ ।

४. प्रस्तावित लाभांस संचालक समितिले अवितरित लाभांश वापत पारित गरेको रु २३,७९,७५०/– धेरै वर्ष विति सकेको हकमा सो लाभांसलाई साधारण सभावाट पारित गर्नुपर्दछ ।

५. नेपाल सरकारवाट प्राप्त ऋणको व्याज गणना गरी महालेखा नियन्त्रक कार्यालयले तोकेको तालिका अनुसार उक्त व्याज र सावाँको किस्ता भूक्तानी नभएकाले ऋण र व्याजको यर्थाथ चित्रण भएको देखिदैन ।

६. कम्पनी ऐन, २०६३, दफा ७६ (१) अनुसार पब्लिक कम्पनीले कारोबार शुरु गर्ने इजाजत पाएको एक वर्ष भित्र प्रथम वार्षिक साधारण सभा गर्नु पर्नेछ र त्यस पछि प्रत्येक वर्ष कम्पनीको आर्थिक वर्ष पुरा भएको ६ (छ) महिना भित्र वार्षिक साधारण सभा गर्नु पर्नेछ । तर केन्द्रले वार्षिक साधारण सभा गरेको पाइएन ।

K. P. Regmi & Associates Chartered Accountants Lalitpur Nepal

सि.ए किरण प्रसाद रेग्मी

के.पी रेग्मी एण्ड एसोसिएट्स

संचालक

Scanned with CamScanner

Tikathali-7, Lalitpur, Nepal
977-9843312383
Kiranregmi2@gmail.com

# स्वतन्त्र लेखापरीक्षकको प्रतिवेदन

श्रीमान शेयरधनी महानुभावहरु

श्री राष्ट्रिय उत्पादकत्व तथा आर्थिक विकास केन्द्र लिमिटेड

बालाजु, काठमाण्डौ ।

**कैफियत सहितको राय**

हामीले श्री राष्ट्रिय उत्पादकत्व तथा आर्थिक विकास केन्द्र लिमिटेड, काठमाण्डौको यसै साथ संलग्न २०८० असार ३१ को वासलात, सोही मितिमा समाप्त भएको आर्थिक वर्षको नाफा नोक्सान खाता, नगद प्रवाह विवरण, इक्विटीमा भएको परिवर्तन सम्वन्धि विवरण र त्यस सम्वन्धी प्रमुख लेखा नीतिहरु त्था लेखा सम्वन्धी टिप्पणीहरु समावेश भएको वित्तीय विवरणहरुको लेखापरीक्षण सम्पन्न गरेका छौं ।

हाम्रो रायमा संलग्न वित्तीय विवरणहरुले कैफियत सहितको राय व्यक्त गर्ने आधार अनुच्छेदमा उल्लेखित व्यहोराले पार्न सक्ने असर वाहेक कम्पनीको यसै साथ संलग्न २०८० असार ३१ को विवरणले नेपाल लेखामान तथा लेखाको सर्वमान्य सिद्धान्त वमोजिम सही र यर्थाथ चित्रण गर्दछ ।

**कैफियत सहितको रायको लागि आधार**

हामीले हाम्रो लेखापरीक्षण नेपाल लेखापरीक्षण मान वमोजिम सम्पन्न गरेका छौं । ती मान वमोजिम हाम्रो जिम्मेवारी यसै प्रतिवेदनको वित्तीय विवरणको लेखापरीक्षणमा लेखापरीक्षकको उत्तरदायित्व शीर्षक अन्तरगत थप व्याख्या गरिएको छ । नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाद्वारा जारी गरेको The Handbook of the Code of Ethics for Professional Accountant बमोजिम हामी केन्द्रसंग स्वतन्त्र छौं र हामीले सो वमोजिमको अन्य नैतिक दायित्वको पालना गरेका छौं ।

**लेखापरीक्षणवाट कैफियत सहितको राय व्यक्त गर्ने आधारका रुपमा वित्तीय विवरणमा सारभुत असर पार्ने व्यहोरा निम्नानुसारका छन :**

१. कम्पनीले नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाद्वारा जारी गरिएको नेपाल वित्तीय प्रतिवेदन मान अनुसार वित्तीय विवरण तयार गर्नुपर्ने हुन्छ । कम्पनीले प्रस्ताव वित्तीय विवरणहरु नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाद्वारा जारी गरिएको नेपाल वित्तीय प्रतिवेदनमान (NFRS) अनुसार तयार गरेको छैन । नेपाल वित्तीय प्रतिवेदनमान अनुसारको वित्तीय सूचनाको पुनर्लेखन, प्रस्तुती र खुलासा नगरिएकोले यसको एकिकृत असर अनिश्चित र सारभुत तथा व्यापक हुन सक्छ ।

२. कम्पनीको व्यवसाय निरन्तररुपमा कायम रहेको (Going Concern) अनुमानको आधारमा वित्तिय विवरण तयार गरिएको भएता पनि प्रत्येक वर्ष आम्दानी भन्दा खर्च धेरै भई नोक्सान बढदै गएकोले समयमा नै केन्द्रलाई पुनः संरचना नगरिएमा नगद प्रवाह कम्जोर भई केन्द्रको निरन्तरता माथि नै शंका उत्पन्न हुन जाने देखिन्छ ।

K.P. Regmi & Associates
Lalitpur Nepal
Chartered Accountants

Scanned with CamScanner

३. नेपाल कम्पनी ऐन २०६३ को दफा १८२ को उपदफा ९ अनुसार साधारण सभाले पारित गरेको पाँच वर्ष भित्र वितरण गर्नुपर्ने र सो अवधि भित्र वितरण नभएमा लाभांश लगानीकर्ता संरक्षण कोषमा जम्मा गर्नु पर्ने भन्ने व्यवस्था रहेकोमा, पाँच वर्ष बितिसक्दा पनि रकम २,७८,७९६।१८ लगानीकर्ता संरक्षण कोषमा जम्मा गरिएको देखिदैन ।

४. प्रस्तावित लाभांश संचालक समितिले लाभांश वापत पारित गरेको रु. २३,७९,७५०/– धेरै वर्ष विति सकेको हकमा साधारण सभाबाट पारित भएको छैन ।

**लेखापरीक्षणका मुख्य मामलाहरु – Key Audit Matters**

हाम्रो व्यावसायिक निर्णयमा प्रस्तुत वर्षको वित्तीय विवरणको लेखापरीक्षणमा देखिएका धरै महत्वका विषयवस्तुहरु नै लेखापरीक्षणका मुख्य कुराहरु हुन । लेखापरीक्षण प्रतिवेदनको राय व्यक्त गर्ने अनुच्छेद एवं व्यवस्थापन पत्रमा उल्लेख भएका व्यहोरा वाहेक अन्य थप लेखापरीक्षणका विषय वस्तुहरु रहेको छैन ।

**व्यवस्थापन पत्र**

व्यवस्थापनले सुधार गर्नुपर्ने थप व्यहोरा यसैसाथ संलग्न व्यवस्थापन पत्रमा उल्लेख गरिएको छ ।

**वित्तीय विवरणप्रति व्यवस्थापन र शासकीय कार्यभार बहन गर्ने व्यक्तिको उत्तरदायित्व**

यथार्थ र उचित चित्रण गर्ने वित्तीय विवरणहरु तयार एवं प्रस्तुत गर्ने तथा व्यवस्थापनलाई लागेको उचित आन्तरिक नियन्त्रण प्रणालीको जिम्मेवारी व्यवस्थापनमा रहेको छ । यी उत्तरदायित्व अन्तर्गत चाहे जालसाजी वा गल्तीबाट होस, सारभूत किसिमको त्रुटिरहित, वित्तीय विवरण तयार गर्ने, आन्तरिक प्रणालीको तर्जुमा गर्ने, कार्यान्वयन र संचालन गर्ने, सम्पत्तिहरुको व्यवस्थापन गर्ने र लेखानीतिहरुको छनौट तथा लागू गर्ने एवं परिस्थिति अनुसार लेखा संवन्धि महत्वपुर्ण अनुमान गर्ने कार्यहरु पर्दछन ।

यथार्थ र उचिच चित्रण गर्ने वित्तीय विवरणहरु तयार एवं प्रस्तुत पर्ने जिम्मेवारी व्यवस्थापनमा रहेको छ । वित्तीय विवरण तयार गर्दा संस्थाको अविछिन्नताको रुपमा व्यावसायको विशेष लेखाजोखा व्यवस्थापनको लागि अपरिहार्य हुन्छन र विषय वस्तुहरुको स्तरीयता विचार गर्नुपर्ने वा अविछिन्नता संगै जानकारीहरुको खुलासा गर्ने दायित्व व्यवस्थापनमा रहेको छ । संस्थाको वित्तीय विवरणहरुको निरीक्षण गर्ने जिम्मेवारी कार्यभार वहन गर्ने व्यक्तिमा रहेको हुन्छ ।

**वित्तीय विवरण लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

हाम्रो उदेश्य भनेको समग्र वित्तीय विवरणहरु, गलत विवरण, जालसाजी वा भूलवाट मूक्त छन् छैनन् भन्ने कुरा उचित रुपमा सुनिश्चत गरेर उपयुक्त निष्कर्षमा पुगी मनासिव आश्वासन प्राप्त गरी आफ्नो राय सहित लेखापरीक्षण प्रतिवेदन जारी गर्नु हो । उचित आश्वासन प्राप्त भएतापनि लेखापरीक्षणमान अनुसार लेखापरीक्षण गर्दा वित्तीय विवरणहरुमा कुनै किसिमको त्रुटी भएमा सो त्रुटी सधै पत्ता लाग्छ भन्ने छैन । त्रटीहरु जलसाजी वा गल्तीवाट निम्तिन्छ र त्यस्ता त्रुटीहरु जसले सरोकारवालाहरुले सो त्रुटीपूर्ण वित्तीय विवरणलाई आधार मानि गरिएको निर्णयलाई प्रभाव पार्न सक्दछ, सो लाइइ प्राथमिकता दिइनेछ ।

K. R. Regmi & Associates
Lalitpur Nepal
Chartered Accountants

साथै,

१.वित्तीय विवरणमा उल्लेख गरिएका रकमहरु त्था खुलासा गरिएका सूचना लगायत अन्य विवरणवारे पुष्टयाईका यथेष्ट प्रमाण संकलन गर्ने, प्रमाण संकलन गर्ने, प्रमाणको पूर्ण वा आंशिक वा छडके परीक्षण गर्ने कार्यविधि लेखापरीक्षणमा समावेश हुन्छ । यसरी अवलम्बन गरिएका लेखापरीक्षण कार्यविधिमा वित्तीय विवरण जालसाजी वा त्रुटीबाट सारभूत रुपमा गलत आँकडा सहित प्रस्तुत हुन सक्ने कुरामा अवलम्वन गरिने लेखापरीक्षणको जोखिम मुल्याङकन व्यवसायिक विवेकमा निर्भर हुन्छ । जालसाजीबाट निम्त्याइएको त्रुटी पत्ता नलाग्ने जोखिम गल्तीबाट निम्तिएको त्रुटीको भन्दा अधिक हुन्छ ।

२. लेखापरीक्षणबाट जोखिम मुल्याङकन गर्ने क्रममा संस्थाको आन्तरीक नियन्त्रण प्रणालीको उपयुक्तता बारेमा परीक्षण गरिएतापनि आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारिता बारे लेखापरीक्षकबाट राय व्यक्त गर्ने उदेश्य राखिएको छैन ।

३. व्यवस्थापनले वित्तीय विवरण तयार गर्दा प्रयोग गरेका लेखा नीतिको सान्दर्भिकता विश्लेषण तथा लेखा अनुमानको औचित्यताको साथै विवरणहरुको समष्टिगत प्रस्तुतीकरणको मूल्यांकन पनि लेखापरीक्षणमा समावेस हुन्छ ।

४. लेखापरीक्षणका क्रममा संस्थाले चालु रुपमा निरन्तरता पाउने आधारमा शंका उत्पन्न भई घटनाहरु व परिस्थितिहरुमा सारभुत अनिश्चितता रहेको वा नरहेको बारेमा प्रमाणका आधारमा व्यवस्थापनले प्रयोग गरेको अनिश्चितताको आधारमा उचित भएको निष्कर्ष निकालिन्छ । सारभुत अनिश्चितता रहेको निष्कर्ष भएमा वित्तिय विवरणमा भएका खुलासाका बारेमा लेखापरीक्षण प्रतिवेदनमा ध्यानाकर्षण गराइन्छ । र ती खुलासा अपर्याप्त भएमा हाम्रो रायलाई संसोधन गरिन्छ । हाम्रो निष्कर्ष लेखापरीक्षण प्रतिवेदन जारी भएको मिति सम्म प्राप्त भएका प्रमाणहरुमा आधारित रहेको हन्छ तर भविष्यका घटनाहरु व परिस्थितिहरुका कारण संस्था अविछिन्न नरहन पनि सक्दछ ।

५. व्यवस्थापनले तयार पारेको वित्तीय विवरणहरुको समग्र प्रस्तुतिकरण, ढाँचा र वित्तीय विवरण सम्वन्धि खुलासाहरुका अनुसार सो वित्तीय विवरणले संस्थाको कारोबार र घटनाहरुलाई उचित रुपमा प्रस्तुत गरेको वा नगरेको मुल्याङकन गरिन्छ ।

६. अन्य विषयका साथ साथै लेखापरीक्षणमा योजना अनुसारको कार्यक्षेत्र, कार्य समस्या र लेखापरीक्षणको क्रममा पाइएका महत्वपुर्ण कैफियतहरु शसकीय कार्यभार वहन गर्ने व्यक्तिहरुलाई सम्प्रेषण गरिन्छ ।

R. Regmi & Associates * Chartered Accountants * Lalitpur Nepal

**कम्पनी ऐन २०६३ को प्रावधानहरु पलना सम्बन्धी प्रतिवेदन**

क) हामीले लेखापरीक्षण सम्पन्न गर्न आवश्यक ठानेका सम्पुर्ण सूचना तथा स्पष्टिकरणहरु र जवाफ पाएका छौं।

ख) हामीले लेखापरीक्षण गरेका श्रेष्ताहरुको आधारमा हाम्रो रायमा संस्थाको हिसाब किताव सम्वन्धित ऐन बमोजिम माथि कैफियत सहितको राय व्यक्त गर्ने अनुच्छेदमा उल्लेख गरिएझैं ठीकसंग राखिएको छैन।

ग) हाम्रो रायमा यो प्रतिवेदनसंग सम्वन्धित संलग्न वासलात, नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण र प्रमुख लेखा नीतिहरु त्था लेखा सम्वन्धी टिप्पणीहरु संस्थाले राखेको हिसाव, किताव, वहिखाता श्रेष्ता र लेखासंग दुरुस्थ रहेका छन्।

घ) हामीले लेखापरीक्षणको समयमा दिइएको सूचना एवं स्पष्टीकरणका आधारमा एवं संस्थाहरुको परीक्षण गर्दा माथि कैफियत सहितको राय व्यक्त गर्ने अनुच्छेदमा उल्लेख गरिएका बाहेक संस्थाको संचालक समिति वा त्यसका सदस्यहरु वा कुनै प्रतिनिधि वा कुनै पदाधिकारी वा कुनै कर्मचारीले प्रचलित कानून विपरित कुनै कार्य गरेको वा संस्थाको सम्पत्ति हिनामिना गरेको वा संस्थाको हानी नोक्सानी गरे गराएको लेखापरीक्षणबाट हाम्रो जानकारीमा आएन।

ङ) संस्थामा लेखासम्वन्धी कुनै जालसाजी भएको कम्पनीको श्रेस्ता र लेखापरीक्षणबाट हाम्रो जानकारीमा आएन।

च) कम्पनी ऐन २०६३ को दफा ७६ (१) मा प्रत्येक पब्लिक कम्पनीले कारोबार शुरु गर्ने इजाजत पाएको एक वर्षभित्र प्रथम वार्षिक साधारण सभा गर्नुपर्ने तथा सोही ऐनको दफा ८० (१) अनुसार प्रत्येक पब्लिध कम्पनीले वार्षिक साधारण सभा भएको तीस दिन भित्र सो सभामा उपस्थित शेयरधनीहरुको संख्या, वार्षिक आर्थिक विवरण, संचालक र लेखापरीक्षको प्रतिवेदन र सो सभाले गरेको निर्णयको एक प्रति कार्यालयमा पठाउनु पर्ने उल्लेख भए बमोजिम पालना नभएकोले सो को पालना हुन पर्दछ।

K. P. Regmi & Associates * Lalitpur Nepal * Chartered Accountants

सि.ए किरण प्रसाद रेग्मी

संचालक

के.पी रेग्मी एण्ड एसोसिएट्स

चार्टर्ड एकाउन्टेन्टस

स्थान: काठमाण्डौ

मिति : २०८१/०६/१५

UDIN : 241001CA014459f7Be

Scanned with CamScanner

# राष्ट्रिय उत्पादकत्व तथा आर्थिक विकास केन्द्र लिमिटेड

बालाजु, काठमाडौं ।

## २०८० आषाढ ३१ को वासलात

| पूंजी तथा दायित्व | अनुसूची | २०८०।०३।३१ सम्मको रु. | २०७९।०३।३२ सम्मको रु. |
|---|---|---|---|
| शेयर धनी कोष | | | |
| शेयर पूंजी | १ | ७,९३२,५००.०० | ७,९३२,५००.०० |
| जगेडा कोष | २.१ | ७,६३२,५७६.४२ | ७,६३२,५७६.४२ |
| नेपाल सरकारबाट प्राप्त ऋण | | ९२,९५४,२८०.०० | ९२,९५४,२८०.०० |
| **जम्मा पूंजी तथा दायित्व** | | **१०८,५१९,३५६.४२** | **१०८,५१९,३५६.४२** |
| *सम्पतिहरु* | | | |
| स्थिर सम्पत्ती | | | |
| परल मुल्य | ३ | ९,००६,७०९.३३ | ९,०००,७०९.३३ |
| न्युनः ह्रास कट्टी | ३ | ८,८६०,५१५.४२ | ८,८३१,६४३.९४ |
| खूद मुल्य | | १४६,१९३.९१ | १६९,०६५.३९ |
| चालु सम्पत्ति | | | |
| जिन्सी मौज्दात | ४ | ५१,२०१.१५ | ७२,३३९.७८ |
| नगद तथा बैङ्क मोज्दात | ५ | २३,४२९,५०७.५८ | २७,८९६,९७६.९० |
| पेश्की तथा सापटीहरु | ६ | १,०४८,५११.१५ | ७२५,८४८.७८ |
| लगानी (सनराईज बैंक लि. शेयर) | ७ | ३,०००,०००.०० | ३,०००,०००.०० |
| जम्मा चालु सम्पत्ति | | २७,५२९,२१९.८८ | ३१,६९५,६०५.४६ |
| न्युन चालु दायित्व तथा व्यवस्था | ८ | ३१,७५०,०१३.३० | ३१,९२५,३२९.७० |
| खूद चालु सम्पत्ति | | (४,२२०,७९३.४२) | (२२९,७२४.२४) |
| नोक्सानी | | ११२,५९३,९५५.९३ | १०८,५८०,०१५.२७ |
| जम्मा सम्पति | | १०८,५१९,३५६.४२ | १०८,५१९,३५६.४२ |

प्रमुख लेखा नीति तथा टिप्पणीहरु अनुसूची ११

अनुसूची १ देखि ८ सम्म यस वासलातका अभिन्न अंगहरु हुन ।

हाम्रो आजको मितिको संलग्न प्रतिवेदनको आधारमा ।

जिवलाल भुसाल
अध्यक्ष

निर्मल ढकाल
संचालक

मातृका आचार्य
संचालक

K. P. Regmi & Associates
Lalitpur Nepal
Chartered Accountants

दुर्गेश गोपाल श्रेष्ठ
संचालक

दीपेश लेखक
महाप्रबन्धक

सि.ए. किरण प्रसाद रेग्मी
के.पि.रेग्मी एण्ड एसोसियटस
चार्टर्ड एकाउण्टेण्टस

मितिः २०८०।११।३०
स्थानः काठमाडौं

राष्ट्रिय उत्पादकत्व तथा आर्थिक विकास केन्द्र लि.
Estd. 2003
NATIONAL PRODUCTIVITY AND ECONOMIC DEVELOPMENT CENTRE LTD.

Scanned with CamScanner

# राष्ट्रिय उत्पादकत्व तथा आर्थिक विकास केन्द्र लिमिटेड

बालाजु, काठमाडौ ।

## २०७९ श्रावण १ गते देखि २०८० आषाढ ३१ गते सम्मको आय विवरण

| *आम्दानी:* | अनुसूची | यस वर्ष रु. | गत वर्ष रु. |
|---|---|---|---|
| आम्दानी | ९ | २,६०७,७३४.७३ | १,९९०,५१५.७० |
| जम्मा आम्दानी | | २,६०७,७३४.७३ | १,९९०,५१५.७० |
| *खर्च:* | | | |
| प्रशासनिक खर्च | १० | ६,४६०,८६१.३० | ६,०२३,२१५.५८ |
| ह्रास कट्टी | ३ | २८,८७१.४८ | ३४,७७५.२६ |
| अपलेखन खर्च | | - | - |
| जम्मा खर्च | | ६,४८९,७३२.७८ | ६,०५७,९९०.८४ |
| सञ्चालन नोक्सानी | | (३,८८१,९९८.०५) | (४,०६७,४७५.१४) |
| कर्मचारी बोनस व्यवस्था | | - | - |
| उपदान कोष खर्च व्यवस्था | | ३,०६१,९५२.०० | १,५७९,४५०.०० |
| स्वास्थ्योपचार कोष व्यवस्था | | ६४९,१४६.०० | २३२,२२०.०० |
| संचित बिदा मुआब्जा कोष व्यवस्था | | ४४६,५४५.६१ | ३९०,९९१.१७ |
| कर्मचारी कल्याणकारी कोष व्यवस्था | | ४७४,२९९.०० | २०१,७२६.०० |
| यस वर्षको खूद (नाफा)/ नोक्सान | | (८,५१३,९४०.६६) | (६,५११,८६२.३१) |
| नेपाल सरकारबाट अनुदान प्राप्त | | ४,५००,०००.०० | ४,०००,०००.०० |
| | | (४,०१३,९४०.६६) | (२,५११,८६२.३१) |
| आयकरको लागि व्यवस्था | | - | - |
| आयकर कट्टी पछिको खूद नोक्सान | | (४,०१३,९४०.६६) | (२,५११,८६२.३१) |
| गत वर्ष सम्मको सञ्चित नोक्सान | | (१००,९४७,४३८.८५) | (९८,४३५,५७६.५४) |
| जम्मा बांडफांड अधिको नोक्सानी | | (१०४,९६१,३७९.५१) | (१००,९४७,४३८.८५) |

प्रमुख लेखा नीति तथा टिप्पणीहरु अनुसूची ११

अनुसूची १ र १० यस वासलातका अभिन्न अंगहरु हुन ।

हाम्रो आजको मितिको संलग्न प्रतिवेदनको आधारमा ।

जिवलाल भुसाल
अध्यक्ष

निर्मल बकाल
संचालक

मातृका आचार्य
संचालक

दुर्गेश गोपाल श्रेष्ठ
संचालक

दीपेश लेखक
महाप्रबन्धक

सि.ए किरण प्रसाद रेग्मी
के.पि.रेग्मी एण्ड एसोसियट्स
चार्टर्ड एकाउन्टेन्टस

K. P. Regmi & Associates
Lalitpur Nepal
Chartered Accountants

मिति: २०८०।११।३०
स्थान: काठमाडौ

Scanned with CamScanner

# राष्ट्रिय उत्पादकत्व तथा आर्थिक विकास केन्द्र लिमिटेड

बालाजु, काठमाडौं ।

***नगद प्रवाह विवरण***

२०७९ श्रावण १ गते देखि २०८० आषाढ ३१ सम्मको

| | विवरण | यस वर्ष रु. | गत वर्ष रु. |
|---|---|---|---|
| क. | व्यावसायिक गतिविधिबाट नगद प्राप्ति | (४,४६१,४६९.३२) | (२२५,३६९.१५) |
| | यस वर्षको नाफा (नोक्सान) | (४,०१३,९४०.६६) | (२,५११,८६२.३१) |
| | गत वर्षको बचतमा समायोजन | | |
| | ह्रास कट्टी | २८,८७१.४८ | ३४,७७५.२६ |
| | विगत वर्षको खर्च | | |
| | सम्पत्ति बिक्रीबाट लाभ | | |
| | चालु दायित्वमा वृद्धि र (कमी) | (१७५,३१६.४०) | २,४३३,०४२.१७ |
| | जिन्सी मौज्दातमा (वृद्धि) र कमी | २१,५७८.६३ | (११,०३७.८०) |
| | पेश्की तथा सापटीमा (वृद्धि) र कमी | (३२२,६६२.३७) | (१७०,२८६.४७) |
| ख. | लगानी गतिविधिबाट नगद प्रवाह | (६,०००.००) | - |
| | स्थिर सम्पत्ति खरिद | (६,०००.००) | - |
| | स्थिर सम्पत्ति बिक्री | - | - |
| ग. | वित्तीय गतिविधिबाट नगद प्रवाह | - | - |
| | नेपाल सरकारबाट ऋण प्राप्त | - | - |
| | यस वर्षको खूद नगद प्रवाहमा वृद्धि र (कमी) | (४,४६७,४६९.३२) | (२२५,३६९.१५) |
| | गत वर्षको नगद तथा बैङ्क मौज्दात | २७,८९६,९७६.९० | २८,१२२,३४६.०५ |
| | यस वर्ष अन्त्यको बैङ्क तथा नगद मौज्दात | २३,४२९,५०७.५८ | २७,८९६,९७६.९० |

प्रमुख लेखा नीति तथा टिप्पणीहरु अनुसूची ११

अनुसूची १ देखि ८ सम्म यस वासलातका अभिन्न अंगहरु हुन ।

हाम्रो आजको मितिको संलग्न प्रतिवेदनको आधारमा ।

जिवलाल भुसाल
अध्यक्ष

निर्मल ढकाल
सञ्चालक

मातृका आचार्य
सञ्चालक

दुर्गेश गोपाल श्रेष्ठ
सञ्चालक

दीपेश लेखक
महाप्रबन्धक

सि.ए. किरण प्रसाद रेग्मी
के.पि एण्ड एसोसियट्स
चार्टर्ड एकाउण्टेण्टस

K. P. Regmi & Associates
Lalitpur Nepal
Chartered Accountants

राष्ट्रिय उत्पादकत्व तथा आर्थिक विकास केन्द्र लि.
स्थापित - २०५०
Estd - 1993
NATIONAL PRODUCTIVITY AND ECONOMIC DEVELOPMENT CENTRE LTD.

मिति: २०८०।११।३०

स्थान: काठमाडौं

Scanned with CamScanner

# राष्ट्रिय उत्पादकत्व तथा आर्थिक विकास केन्द्र लिमिटेड

बालाजु, काठमाडौं ।

२०८० आषाढ ३१ सम्मको वासलातसंग सम्बन्धित अनुसूची

*अनुसूची १ शेयर पुंजी*

| विवरण | यस वर्ष रु. | गत वर्ष रु. |
|---|---|---|
| अधिकृत पूंजी<br>१,५०,००० साधारण शेयर प्रति रु.१०० का दरले | १,५०,००,००० | १,५०,००,००० |
| जारी पूंजी<br>१,००,००० साधारण शेयर प्रति शेयर रु.१०० का दरले | १,५०,००,००० | १,५०,००,००० |
| चुक्ता पूंजी<br>७९,३२५ साधारण शेयर प्रति शेयर रु.१०० | ७९,,३२,५०० | ७९,,३२,५०० |

अनुसूची २ जगेडाकोष

| विवरण | यस वर्ष रु. | गत वर्ष रु. |
|---|---|---|
| खूद नाफा/ (नोक्सान) | (११२,५९३,९५५.९३) | (१०८,५८०,०१५.२७) |
| जम्मा | (११२,५९३,९५५.९३) | (१०८,५८०,०१५.२७) |

अनुसूची २.१ अन्य जगेडाकोष

| विवरण | यस वर्ष रु. | गत वर्ष रु. |
|---|---|---|
| अन्य जगेडा | १,०३२,५७६.४२ | १,०३२,५७६.४२ |
| लाभांश सम्मीकरण जगेडा | ६,६००,०००.०० | ६,६००,०००.०० |
| जम्मा | ७,६३२,५७६.४२ | ७,६३२,५७६.४२ |

अनुसूची ४ जिन्सी मौज्दात

| | | |
|---|---|---|
| जिन्सी मौज्दात अन्य | ५१,२०१.१५ | ६९,७७९.७८ |
| जिन्सी मौज्दात पूंजीगत | - | ३,०००.०० |
| *जम्मा* | ५१,२०१.१५ | ७२,७७९.७८ |

राष्ट्रिय उत्पादकत्व तथा आर्थिक विकास केन्द्र लि.
स्थापित:-२०५०
Estd - 1993
NATIONAL PRODUCTIVITY AND ECONOMIC DEVELOPMENT CENTRE LTD.

K.P. Regmi & Associates
Lalitpur Nepal
Chartered Accountants

Scanned with CamScanner

## राष्ट्रिय उत्पादकत्व तथा आर्थिक विकास केन्द्र लिमिटेड

बालाजु, काठमाडौं ।

२०८० आषाढ ३१ सम्मको वासलातसंग सम्वन्धित अनुसूची

अनुसूची ५ नगद तथा बैङ्क मौज्दात:

| विवरण | यस वर्ष रु. | गत वर्ष रु |
|---|---|---|
| नगद मौज्दात | - | - |
| सानो नगदी कोष | २.०० | २.०० |
| वाणिज्य बैङ्कहरुको चल्ती खाता (स्थानीय मूद्रा एवं परिवर्तिय मूद्रा) | ४,३९९,९२६.७५ | ४,८६७,३९६.०७ |
| Sunrise Bank Limited Saving A/C | २९,५७८.८३ | २९,५७८.८३ |
| बचत तथा मुद्दती हिसाब | १९,०००,०००.०० | २३,०००,०००.०० |
| संचालक | २३,४२९,५०७.५८ | २७,८९६,९७६.९० |

अनुसूची ६ पेश्की, सापटी, धरौटी तथा अग्रिम भुक्तानी

| विवरण | यस वर्ष रु. | गत वर्ष रु. |
|---|---|---|
| धरौटी | ५४,१२५.०० | ५४,१२५.०० |
| कर्मचारी पेश्की | ६०,०८५.०० | ६०,०८५.०० |
| अग्रिम आयकर दाखिला | ८९०,९६७.२४ | ५५७,०५७.५६ |
| मुल्य अभिवृद्धि कर खरिदमा दाखिला | २३,४९७.०० | ३४,९७२.०० |
| अग्रिम भुक्तानी खर्च | ५,८००.२१ | ५,५७२.५२ |
| असुल गर्न बांकी ब्याज तथा अन्य | १४,०३६.७० | १४,०३६.७० |
| जम्मा | १,०४८,५११.१५ | ७२५,८४८.७८ |

अनुसूची ७ लगानी:

| विवरण | यस वर्ष रु. | गत वर्ष रु |
|---|---|---|
| मुद्दती खातामा लगानी | | |
| सन राईज बैंक लि.को शेयरमा | ३,०००,०००.०० | ३,०००,०००.०० |
| जम्मा | ३,०००,०००.०० | ३,०००,०००.०० |

Scanned with CamScanner

# राष्ट्रिय उत्पादकत्व तथा आर्थिक विकास केन्द्र लिमिटेड

बालाजु, काठमाडौं ।

२०८० आषाढ ३१ सम्मको वासलातसंग सम्बन्धित अनुसूची

अनुसूची ८ चालु दायित्व तथा व्यवस्था

| विवरण | यस वर्ष रु. | गत वर्ष रु. |
|---|---|---|
| कर्मचारी सञ्चयकोष | ४९४,८५६.१९ | ४९४,८५६.१९ |
| बोनस (तिर्न बांकी) | १५७,८८६.६७ | १५७,८८६.६७ |
| लाभांश तिर्न बांकी | २७८,७९६.१८ | २७८,७९६.१८ |
| खर्च तथा खरिद दायित्व | ५३२,३५८.०७ | ५२७,३५८.०७ |
| व्यवस्था | | |
| उपदान | १७,०९५,१५४.०० | १७,३०९,९७०.०० |
| स्वास्थ्योपचार | ४,१७५,६६०.२४ | ४,१९६,०५४.१८ |
| बिदाको मुआब्जा | ३,२९८,०३०.७५ | ३,२६७,७१२.२१ |
| कर्मचारी कल्याणकोष व्यवस्था | ३,३२४,०४२.०० | ३,३००,०६७.०० |
| प्रस्तावित लाभांश | २,३७९,७५०.०० | २,३७९,७५०.०० |
| आयकर व्यवस्था कर्मचारी | १२,८७९.२० | १२,८७९.२० |
| डेफर्ड कर दायित्व | ६००.०० | |
| *जम्मा* | ३१,७५०,०१३.३० | ३१,९२५,३२९.७० |

अनुसूची ९ आम्दानी

| विवरण | यस वर्ष रु. | गत वर्ष रु. |
|---|---|---|
| परामर्श सेवा तथा ट्रेनिङ शुल्क | २४८,५५८.०० | ८८,५००.०० |
| ब्याजबाट आम्दानी | २,१४९,८८८.३८ | १,८८१,१३४.३० |
| ए.पि.ओ. सेवा शुल्क | १६०,०००.०० | ३००.०० |
| विविध आम्दानी | ४८,९८८.३५ | २०,५८१.४० |
| APO Form आम्दानी | ३००.०० | - |
| लाभांश प्राप्त | - | - |
| जम्मा | २,६०७,७३४.७३ | १,९९०,५१५.७० |
| नेपाल सरकारबाट अनुदान प्राप्त | ४,५००,०००.०० | ४,०००,०००.०० |
| *जम्मा* | ७,१०७,७३४.७३ | ५,९९०,५१५.७० |

राष्ट्रिय उत्पादकत्व तथा आर्थिक विकास केन्द्र लि. स्थापित: २०५० Estd - 1993 NATIONAL PRODUCTIVITY AND ECONOMIC DEVELOPMENT CENTRE LTD.

K. P. Regmi & Associates Lalitpur Nepal Chartered Accountants

Scanned with CamScanner

# राष्ट्रिय उत्पादकत्व तथा आर्थिक विकास केन्द्र लिमिटेड

बालाजु, काठमाडौं ।

२०८० आषाढ ३१ सम्मको वासलातसंग सम्बन्धित अनुसूची

अनुसूची १० प्रशासनिक खर्च

| विवरण | यस वर्ष रु. | गत वर्ष रु. |
|---|---|---|
| तलब तथा भत्ता | ५,४०१,५०७.०५ | ४,९९१,३६५.१७ |
| कार्यालय सञ्चालन खर्च | ४५७,५३४.१८ | ५१०,९१४.८२ |
| बैठक भत्ता | ९,३००.१० | ७,८५५.०० |
| मर्मत सम्भार | ५४,९४२.९२ | ४३,१४७.४३ |
| विविध खर्च | ४९,९८१.४६ | ४४,६५४.५७ |
| अवकास प्राप्त कर्मचारी लाई दशै खर्च | १७,०००.०० | - |
| लेखापरीक्षण शुल्क | ५०,३५९.८६ | ४६,८२५.०० |
| परामर्श सेवा खर्च | ४२०,२३५.७३ | ३५८,४५३.५९ |
| कर्मचारी कल्याणकारीकोष भुक्तानी | | २०,०००.०० |
| जम्मा | ६,४६०,८६१.३० | ६,०२३,२१५.५८ |

राष्ट्रिय उत्पादकत्व तथा आर्थिक विकास केन्द्र लि
स्थापित -२०५०
Estd. - 1993
NATIONAL PRODUCTIVITY AND ECONOMIC DEVELOPMENT CENTRE LTD.

K. P. Regmi & Associates
Lalitpur Nepal
Chartered Accountants

# राष्ट्रिय उत्पादकत्व तथा आर्थिक विकास केन्द्र लिमिटेड

बालाजु, काठमाडौं ।

अनुसूची १० संग सम्बन्धित सहायक अनुसूची ( १० (१)

२०७९।०४।०१ देखि २०८०।०३।३१ सम्मको तलब तथा ज्याला

| क.स | विवरण | यस वर्ष रु. | गत वर्ष रु. |
|---|---|---|---|
| १ | तलब तथा ज्याला | ३,६२७,८६२.०० | ३३१,६१४.०० |
| २ | सञ्चयकोष अनुदान | ३५१,५४१.२० | ३३१,६१०.४० |
| ३ | दशै खर्च | ३१४,५७४.०० | २७३,५६३.०० |
| ४ | कार्यालय सुरक्षा खर्च (अतिरिक्त) | ३८,६८४.०० | ३९,२३०.०० |
| ५ | बिदाको मुआब्जा | ३०९,८८०.८३ | २७३,५६३.०० |
| ६ | कम्पनी सचिव खर्च | ९,६००.०० | ९,६००.०० |
| ७ | औषधोपचार खर्च | ५२७,३६५.०२ | ४९९,६९४.७७ |
| ८ | लुगा भत्ता (कर्मचारी) | ७०,०००.०० | ८०,०००.०० |
| ९ | महंगी भत्ता | १५२,०००.०० | १६८,०००.०० |
| | *जम्मा :* | ५,४०१,५०७.०५ | ४,९९१,३६५.१७ |

अनुसूची १० सग सम्बन्धित सहायक अनुसुची ( १० (२)

२०७९।०४।०१ देखि २०८०।०३।३१ सम्मको कार्यालय सञ्चालन खर्च

| क.सं | विवरण | यस वर्ष रु. | गत वर्ष रु. |
|---|---|---|---|
| १ | दैनिक तथा भ्रमण खर्च | ३६,४३२.७४ | - |
| २ | डांक तार टेलिफोन | २६,७०५.५१ | ३१,३९७.९४ |
| ३ | वीमा (कर्मचारी) | - | १३६,६४१.८५ |
| ४ | वीमा (अन्य) | ९,५४८.५१ | १७,४०९.९५ |
| ५ | दुर्घटना बिमा कर्मचारी | १०,८३९.७३ | ९,१५०.६८ |
| ६ | बिजुली, पानी महशुल | १०८,३०२.४५ | ९४,५६७.२० |
| ७ | बैङ्क सेवा शुल्क | - | - |
| ८ | घर भाडा | - | - |
| ९ | मसलन्द छपाई | २४,३२४.३४ | १३,८९२.०१ |
| १० | पत्र पत्रिका, पुस्तक | ६,०८५.३४ | ६,१२६.४७ |
| ११ | इन्धन | १७६,६१८.८६ | १२९,२७५.०० |
| १२ | कर तिरो | ३९,६३५.०० | ३३,६००.०० |
| १३ | वगैचा तथा सरसफाई खर्च | ४,९९५.७५ | ४,७२५.०० |
| १४ | कार्यालय अन्य सामान | - | ५,३६७.७२ |
| १५ | फर्निसिंग एण्ड डेकोरेशन | १४,०४५.९५ | २८,७६१ ०० |
| | जम्मा: | ४५७,५३४.१८ | ५१०,९१४.८२ |

राष्ट्रिय उत्पादकत्व तथा आर्थिक विकास केन्द्र लि. स्थापित -२०५० Estd - 1993 NATIONAL PRODUCTIVITY AND ECONOMIC DEVELOPMENT CENTRE LTD

K. P. Regmi & Associates Lalitpur Nepal Chartered Accountants

Scanned with CamScanner

बालाजु, काठमाडौं ।

अचल सम्पत्ति तथा ह्रास कट्टी विवरण

आ.व.२०७९/०८०

अनुसूचि ३

| क्र. सं. | विवरण | ह्रास कट्टी दर प्रतिशत मा | परल मोल | | | | ह्रास कट्टी | | | | | सुद बाकी मुल्य यस वर्षको | गत वर्षको बाकी मुल्य |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | वर्षको शुरुमा | चालु आ.व.मा थप | परल मुल्यमा न्युन | जम्मा परल मोल | वर्षको शुरुमा | चालु आ.व.मा थप | ह्रासमा न्युन | सम्पत्तिको अपलेखन | जम्मा ह्रास कट्टी | | |
| १ | फर्निचर (काठ + स्टील) | २५ | १,०५०,८५१.२८ | - | - | १,०५०,८५१.२८ | १,०३०,९३९.९५ | ४,९७७.८३ | - | - | १,०३५,९१७.७८ | १४,९३३.५० | १९,९११.३३ |
| २ | अफिस सामान | | | | | | | | | | | | |
| | (कम्प्युटर+अन्य) | २५ | १,३१८,३८३.५४ | - | - | १,३१८,३८३.५४ | १,१९९,३२२.६१ | ४,६६५.२३ | - | - | १२०३९८७.८४३ | ११४३९५.६९८ | १८,६६०.९३ |
| | अन्य सामान | १५ | १,९३५,२५२.६४ | ६,०००.०० | - | १,९४१,२५२.६४ | १,८६१,४३८.२० | ११,८१६.१७ | - | - | १८७३२५४.३६६ | ६७९९८.२७४ | ७३,७७४.४४ |
| ३ | सवारी साधन (बस,कार,मोटरसाइकल र साइकल) | २० | ४,६८८,५२०.७८ | - | - | ४,६८८,५२०.७८ | ४,६५८,०१२.०४ | ६,१०१.७५ | - | - | ४६६४११३.७८८ | २४४०६.९९२ | ३०,५०८.७४ |
| ४ | भवन (ग्यारेज कोठा | ५ | १०७,७०१.०९ | - | - | १०७,७०१.०९ | ८१,४९१.१४ | १,३१०.५० | - | - | ८२८०१.६३९५ | २४,८९९.४५ | २६,२०९.९५ |
| | जम्मा रकम (रु.) | | ९,०००,७०९.३३ | ६,०००.०० | - | ९,००६,७०९.३३ | ८,८३१,२६२.९५ | २८,८७१.४८ | - | - | ८८६०१३४.४९७ | १४६१९३.९१ | १६९,०५४.३९ |

## राष्ट्रिय उत्पादकत्व तथा आर्थिक विकास केन्द्र लिमिटेड
बालाजु, काठमाडौं ।

अनुसूची ५ संग सम्बन्धित सहायक अनुसूची ( ५.१)

### २०८० आषाढ ३१ को नगद तथा बैङ्क मौज्दातको विवरण

| | विवरण | यस वर्ष रु. | गत वर्ष रु. |
|---|---|---|---|
| १) | नगद मौज्दात | - | - |
| २) | सङ्कलनमा रहेको चेकहरु | - | - |
| ३) | चेक इन ह्याण्ड | - | - |
| | सानो नगदी कोष | २.०० | २.०० |
| ४) | चल्ती खातामा रहेको रकम | | |
| | ने.बै.लि. त्रिपुरेश्वर चल्ती खाता | २८,९०१.७६ | २८,९०१.७६ |
| | रा.वा.बै.बानेश्वर शाखा चल्ती खाता नं.२५० | ११,४८२.१० | ११,४८२.१० |
| | Global IME bank | ४,३५९,५४२.८९ | ४,८२७,०१२.२१ |
| | चल्ती हिसावको जम्मा | ४,३९९,९२६.७५ | ४,८६७,३९६.०७ |
| ५ | वचत खातामा रहेको रकम | | |
| | सनराईज बैक लि.(NIDC Capital Market) वचत खाता नं.२५–०००२–३ | २९,५७८.८३ | २९,५७८.८३ |
| ६ | बचत/मुद्दती खाता | १९,०००,०००.०० | २३,०००,०००.०० |
| | कुल जम्मा : | २३,४२९,५०७.५८ | २७,८९६,९७६.९० |

Scanned with CamScanner

राष्ट्रिय उत्पादकत्व तथा आर्थिक विकास केन्द्र लिमिटेड

बलाजु, काठमाण्डौ ।

आर्थिक वर्ष २०७९/८०

## प्रमुख लेखा नीति तथा लेखासंग सम्बन्धित टिप्पणीहरु

१) कम्पनी

राष्ट्रिय उत्पादकत्व तथा आर्थिक विकास केन्द्र लिमिटेड कम्पनी ऐन अनुसार स्थापित लिमिटेड कम्पनी हो । कम्पनीको रजिष्टर्ड कार्यालय तथा कारोबार स्थल बालाजु, काठमाण्डौमा रहेको छ ।

२) वित्तीय विवरण स्वीकृतिः

यस केन्द्रको २०८० साल अषाढ मसान्तको वित्तीय विवरणहरु संचालक समितिले स्वीकृत गरेको छ ।

३) प्रमुख लेखा नीतिहरु :

क) परम्परा

कम्पनीको वित्तीय विवरणहरु सर्वमान्य लेखा सिध्दान्तका साथै नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाबाट जारी लेखामान समेतका आधारमा तयार गरिएको छ । कम्पनीले अपनाएका मूख्य मूख्य लेखा नीतिहरु विगत वर्षको भन्दा फरक छैन, जुन निम्नानुसार छन । कम्पनी ऐन २०६३ बाट निर्देशित ढाँचालाई समेत विचार गरी प्रस्तुत वित्तीय विवरणहरु तयार गरिएका छन ।

ख) लेखाङ्कन विधि

लेखा नीति सम्बन्धमा अन्यत्र छुट्टै अल्लेख भएको अवस्थामा बाहेक वित्तीय विवरणहरु एकुअल विधिको आधारमा ऐतिहासिक मूल्य अवधारणा अनुसार तयार गरिएको छ ।

ग) अनुमानको प्रयोग

सामान्यतः सर्वमान्य लेखा सिध्दान्त (GAAP) तथा नेपाल लेखामान NAS पालना गरी वित्तीय विवरण तयार गर्दा व्यवस्थापनद्धारा अनुमानको प्रयोग हुने गर्दछ । यसले बासलातको मितिमा देखाइएको सम्पत्ति तथा दायित्वको रकम निर्धारण गर्दछ । वास्तविक रकम यी अनूमानित रकम भन्दा फरक हुन सक्छ । यसरी अनूमान भन्दा वास्तविक रकममा पर्न जाने फरक रकमलाई सो का पहिचान भएका बखत लेखाङ्न गरिन्छ ।

राष्ट्रिय उत्पादकत्व तथा आर्थिक विकास केन्द्र लि. Estd. 2033 National Productivity and Economic Development Centre Ltd.

K. P. Regmi & Associates, Lalitpur, Nepal, Chartered Accountants

घ) निरन्तरता

कम्पनीको स्वामित्वमा रहेको स्थिर सम्पत्ति खरिद निर्माण मूल्यमा सो संग सम्वन्धित प्रत्यक्ष खर्च जोडी लेखाङ्कन गरिएको छ । व्यवसायिक उपयोगमा ल्याउनु अगाडीको मिति सम्मका निर्माणाधिन सम्पत्तिमा भएको गर्चलाई सम्वधित अचल सम्पत्तिमा पूजीकरण गरिएको छ ।

४) ह्रासकट्टि

कम्पनीको स्थिर सम्पत्तिको ह्रास आयकर ऐन २०५८ ले तोकेको पद्धती र निम्न दरले घट्दो प्रणालीको आधारमा कट्टि गरिएको छ ।

| सम्पत्तिको विवरण | ह्रासको प्रतिशत |
|---|---|
| भवन | ५ % |
| फर्निचर | २५ % |
| कम्पुटर | २५ % |
| अन्य कार्यालय उपकरण | २५ % |
| सवारी साधन | २० % |

चलू वर्षमा विकी या नष्ट गरिएका सम्पत्तिहरुमा समानूपातिक दरमा सोही वर्षमा ह्रासकट्टि गर्ने गरिएको छ ।

५) जिन्सी मौज्दात

नेपाल लेखामान २ (NAS2) अनुसार जिन्सी मौज्दातलाई परल मूल्य अथवा बजार मूल्य मध्ये जून कम छ सो दरमा लेखाङ्कन गर्नु पर्ने भएतापनि जिन्सी सामानहरुको मौज्दातलाई ँक्षँइ को आधारमा मुल्याङ्कन गरिएको छ ।

६) पेश्कि तथा सापटिहरु

पेश्कि तथा सापटिहरु वापत असल हुन बाकि रहेको रकमलाई किताबी मूल्यको आधारमा देखाइएको छ । असूल हुन बाकि रहेको रकमको हिसाब दुरुस्त राख्नको लागि सम्बन्धित पार्टिहरुसंग पत्राचार भएतापनि केहिले मात्र जवाफ दिएका छन ।

७) नगद तथा नगद सरह

नगद तथा नगद सरह भन्नाले नगद मौज्दात तथा बैंकमा रहेको मौज्दातलाई जनाउदछ ।

राष्ट्रिय उत्पादकत्व तथा आर्थिक विकास केन्द्र लि. NATIONAL PRODUCTIVITY AND ECONOMIC DEVELOPMENT CENTRE LTD.

K.R. Regmi & Associates, Chartered Accountants, Lalitpur Nepal

Scanned with CamScanner

८) कर्मचारी सुविधा

अ) उपदान सुविधा

केन्द्रको कर्मचारी सेवा सर्त नियमावली २०५५ अनुसार उत्पादनको व्यवस्था गरिएको छ।

आ) संचय कोष :

कर्मचारी संचयकोष व्यवस्था वापतको खर्च रकम नाफा नोक्सान हिसाबमा देखाइएको छ।

इ) संचित विदा :

संचित विदा बापतको रकमलाई केन्द्रको कर्मचारी सेवा सर्त नियमावली अनुसार सम्बन्धित वर्षमा नै खर्च लेख्ने गरिएको छ।

ई) कर्मचारी बोनस :

कम्पनी घाटामा रहेकोले बोनस ऐन २०३० अनूसार बोनस वापत खर्च लेखिएको छैन।

९) आयकर

अ) चालू आयकर

आयकर ऐन २०५८ (संशोधन सहित) को व्यववस्थालाई विचार गरी कम्पनीको आर्थिक विवरणमा उल्लेखित आय तथा खर्चको आधारमा आयकर दायित्व निर्धारण गर्ने व्यवस्था रहेको छ।

आ) स्थगन कर

स्थगन कर लेखाङ्कन गर्ने गरिएको छैन।

K.P. Regmi & Associates
Lalitpur
Nepal
Chartered Accountants

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था
THE INSTITUTE OF CHARTERED ACCOUNTANTS OF NEPAL
(Established under the Nepal Chartered Accountants Act, 1997)

# UDIN Document

Fiscal Year: 2079/80

| | |
|---|---|
| **Generated Date / Time:** 2024-10-01 09:58:34 | **UDIN Number:** 241001CA014459f7Be |
| **Member Name:** KIRAN PRASAD REGMI | **Date of Signing Document:** 2024-10-01 |
| **Document Type:** Audit | **Audit Type:** Statutory Audit |
| **Office Type:** Government Company | **Office Name:** राषट्रयि उत्पादकत्व तथा आर्थकि वकिास केन्द्र लि. |
| **Type of Audit Opinion:** Qualified Opinion | **Period (AD):** 2022-07-17 to 2023-07-16 |
| **Office PAN:** 301609287 | |

**Financial figures**

| S.N. | Heading | Amount |
|---|---|---|
| 1 | **Total Asset/Liabilities** | **NRs. 108519356.42** |
| 2 | **Gross Revenue/Turnover** | **NRs. 7107734.73** |
| 3 | **Gross Expenses** | **NRs. 11121675.39** |
| 4 | **Net Profit Or Loss** | **NRs. -4013940.66** |

**Status:** Active Document

**Document Description:**

*The UDIN System has been developed by the Institute of Chartered Accountants of Nepal (ICAN) to facilitate its members for verification and certification of the documents and for securing documents and authenticity thereof by Authorities, Regulators and Stakeholders. However, ICAN assumes no responsibility of verification and certification of document(s) carried out by the Members and the concerned member(s) shall alone be responsible therefore.*

To verify UDIN, please go to www.udin.ican.org.np

Print Date / Time: 2024-10-01 09:58:38

Scanned with CamScanner